Council for Technical Education and Vocational Training

# School of Health Science

Bharatpur-10, Chitwan, Nepal

## Hostel Committee

## Code of Ethics

**छात्रावासमा वस्ने विद्यार्थीहरुले पालना गर्नूपर्ने नियमहरु**

१। छात्रावास सफा राख्नूपर्ने विद्यार्थीहरुको अनिवार्य कर्तव्य हून आउछ । तोकिएको स्थान वा कन्टेनरमा मात्रै फोहर फ्याक्नू पर्छ । ।

२। छात्रावासमा होहल्ला गर्न पाइने छैन साथै छात्रावासको कोठामा वा हातामा ठूलो स्वरमा रेडियो, वाजा वा गित गाउने गर्न पाइने छैन ।

३। सूत्ने वेलामा अनिवार्यरुपमा सूत्ने कोठाको वत्ति निभाउनू पर्ने छ । परिक्षाको समय वाहेक अन्य समयमा राति १२ वजे पछि वत्ति वाल्न पाइने छैन् । आफूले प्रयोग गरेको कोठा वाहिर निस्कदा अनिवार्य वत्ति तथा पंखा वन्द गर्नू पर्ने छ ।

४। छात्रावास व्यवस्थापनले आवस्यक्ता अनूसार कूनै पनि वेला छात्रावास निरिक्षण गर्न सक्ने छ । यसरी निरिक्षण गर्दा नियम विपरित देखिएमा कार्वाहि गरिने छ ।

५। छात्रावास तथा शिक्षालय भित्र कुनै पनि मादक पर्दाथ, सुतिजनय वस्तू तथा अन्य नशालू पर्दाथ सेवन गर्न पाइने छैन् । यदि यसो गरेको पाइएमा सोत: कार्वाही गरिने छ ।

६। शिक्षालयको वातावरण खलवल हूने किसिमको कुनै पनि कार्य वञ्चित गरिएको छ ।

७। छात्रावासमा वस्दा कूनै पनि वहूमुल्य वस्तू वा नगद राख्न पाइने छैन । यदि छ भने सो को जिम्मा छात्रावास प्रमूखलाई जानकारी दिई त्यसको सुरक्षाको जिम्मा आफैलै लिनू पर्नेछ ।

८। छात्रावासमा वस्ने विद्यार्थीहरुले कूनैपनि हतियार राख्न पाइने छैन यस्तो भैटिएमा उक्त विद्यार्थीलाई अभिभावक वोलाई कार्वाही गरिने छ ।

९। छोटो दिनमा ६:०० वजे र लामो दिनमा ७:०० वजे भित्र छात्रावास प्रवेश गरिसक्नू पर्ने छ।

१०।यदि तोकिएको समय वाहेक अन्य समयमा जानू परेमा छात्रावास प्रमूख अनूमति लिई मात्र जानू पर्ने छ ।

११। छात्रावासमा वस्ने विद्यार्थीहरुलाई अविभावकहरुले भेटने समय शनिवार मात्र रहने छ ।

१२। छात्रावासभित्र अन्य वाहिरी व्यात्ति लाई प्रवेष निषेध छ ।

१३। काम विशेषले वाहिर जांदा गेटमा राखिएको रजिष्ट्ररमा विवरण भरि मात्र जानू पर्ने छ ।

१४।छात्रावास विचैमा छाडनू परेमा छात्रावास प्रमूखलाई जानकारी दिई Clearance गरि मात्र जानू पाउने छ ।

१५। छात्रावासमा रहेका फर्निर्चस तथा अन्य सामान आफूखूसी सार्न वा फेर्न पाइने छैन ।

१६। छात्रावासभित्र रहने विद्यार्थीहरुले अध्ययन समय वाहेक अन्य समय खेलकूद गर्न पाइने छैन । तोकिएको स्थान वाहेक अन्य स्थानमा खेल्न निशेध छ ।

१७। छात्रावासभित्र वस्ने विद्यार्थीहरुले अनूसासित भई रहनू पर्ने छ र सभ्य भाषाको प्रयोग गर्नू पर्ने छ ।

१८।शिक्षालय भित्र रहेको भौतिक तथा अन्य वस्तू आफूखूसी प्रयोग गर्न पाइने छैन साथै फूल विरुवा टिप्न् पाइने छैन ।

१९। छात्रावासले लगाएको ड्युटि अनिवार्य रुपमा गर्नू पर्ने छ ।

२०। छात्रावासमा वस्ने विद्यार्थीहरुले आफूले प्रयोग गर्ने गरेको सामानको सूरक्षा आफैले गर्नु पर्ने छ ।

२१। कार्यालय समय वाहेक अन्य समयमा पुरुषहरुसंग छात्रावास वारिपरि कूराकानी गर्न, भेटघाट गर्न पाइने छैन ।

२२। शिक्षालयको वार्षिक शैक्षिक क्यालेण्डर अनूसार को लामो विदामा निवेदन लेखि विदामा घर जान पाइने छ ।

२३। चितवन र नवलपरासी जिल्लाका विद्यार्थीहरुको हकमा सार्वजनिक विदा मा अनूमति लिई २ दिनका लागि घर जान पाइने छ । अन्य जिल्लाका विद्यार्थीहरुको हकमा छात्रावास रजिष्ट्रेशन गर्दा उल्लेख गरिएको स्थानिय अविभावकको घरमा मात्र सार्वजनिक विदा को समयमा अनूमति लिई २ दिनका लागि जान पाइने छ ।

२४। छात्रावासको नियम विपरित कूनै पनि कृयाकलाप गरेमा छात्रावासमा निरन्तर राखि राख्नू प्रशासन वाध्य हूने छैन ।

२५। हरेक वर्ष छात्रावासमा वस्ने विद्यार्थीहरु सुचना प्रकाशित भएको ७ दिन भित्र नविकरण गर्नू पर्ने छ ।

२६। विना अनूमति□पुर्व सुचना छात्रावासमा एक महिना अनूपस्थित रहेमा छात्रावासवाट स्वतः निस्कासन गरिने छ ।

२७। २ दिन भन्दा लामो विदा लिई घर जानू पर्ने आकस्मिक काम परेमा छात्रावास प्रमूखको अनूमति लिई एक हप्तासम्म जान सक्ने छन । तर विद्यार्थीको समस्या घर जान मनासीव नदेखिएमा विद्यार्थी लामो विदामा घर जान पाउने छैनन् । ।

२८। छात्रावासमा वस्ने विद्यार्थीहरुले विभिद काम देखाइ १ हप्ता भन्दा वढि समय छात्रावास वाहिर वस्न पाइने छैन यसो भएमा उक्त विद्यार्थीलाई कावाहि गरिने छ ।

२९। विदाको समयमा छात्रावासवाट घर जांदा विहान ७ वजे देखि सांझ ६ वजेभित्र गई सक्नू पर्ने छ ।

३०। अन्य नियमहरु प्रा.शि तथा व्या ता परिषदको शिक्षालय सन्चालन सम्वन्धि नियमहरुको परिधिभित्र रहि नियमहरु तर्जूमा गरिने छ ।

माथि उल्लेखित नियम पालन गर्न मन्जर छू ।

| | |
|---|---|
| विद्यार्थीको नाम थर | छात्रावास प्रमुखको सहि |
| कार्यक्रम | मिति |
| अध्ययनरत वर्ष | |
| अभिभावकको नाम | |
| फोन नं | |